# संघीय संसद

# प्रतिनिधी सभा

# विकास तथा प्रविधि समिति

पुष्पलाल(मध्य पहाडी) राजमार्ग पूर्वी खण्ड स्थलगत अध्ययन तथा अवलोकन भ्रमण प्रतिवेदन, २०७६

जेष्ठ (७ - ११) गते




संघीय संसद सचिवालय

सिंहदरवार काठमाडौं ।

**विषय सूची**

**सि.एन.**

१) पृष्ठभूमि

२) भ्रमण टोली गठन र परिचय

३) स्थलगत भ्रमणको उदेश्य

४) आयोजनाको संक्षिप्त परिचय

५) अवलोकन भ्रमणको स्थलगत रिपोर्ट

६) आयोजनाको विद्यमान अवस्था

७) आयोजना निर्माणमा देखिएका समस्या

८) सुझाव र निष्कर्ष

**अनुसूचीहरु**

**संघीय संसद**

**प्रतिनिधी सभा**

**विकास तथा प्रविधि समिति**

# पुष्पलाल(मध्य पहाडी) राजमार्गको स्थलगत अवलोकन भ्रमण प्रतिवेदन, २०७६

## १) पृष्ठभूमि

नागरिकको जीवनस्तरलाई उकास्ने सकारात्मक परिवर्तन नै साँचो अर्थमा विकास हो । इतिहासलाई हेर्दा मानवजातिले आफ्नो दैनिकीलाई सहज बनाउने गरेका प्रयासबाट विकासको प्रक्रिया अघि बढेको देखिन्छ । अर्थात मानव जातिले आफ्नो वर्तमान जीवन यापनका तौरतरिकाबाट असन्तुष्ठ भएपछि विकल्पको खोजी गरेको र त्यसले सकारात्मक परिवर्तनका रुपमा विकास निम्त्याएको बुझ्न सकिन्छ ।

नेपालले विकासको रणनीतिमै सडक पूर्वाधारलाई प्राथमिकतामा राखेको छ । सडकलाई पूर्वाधारको पनि पूर्वाधारका रुपमा स्विकार गरिएको देखिन्छ । त्यसकारण पनि पाँच वटा सडक आयोजनाहरुलाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेर उच्च प्राथमिकता साथ अघि बढाईरहेको छ ।

राष्ट्रिय गौरवका आयोजनाहरुमा प्रधानमन्त्रीको सिधा निगरानी रहन्छ भने बजेटको अभाव हुन नदिने अर्थात श्रोत सुनिश्चित गरिएको हुन्छ । समितिको २०७६ जेठ १ गते बसेको बैठकले राष्ट्रिय गौरवको सडक आयोजनामध्येको एक पुष्पलाल(मध्य पहाडी) राजमार्ग आयोजनाको स्थलगत अध्ययन/अवलोकन भ्रमण गर्ने निर्णय गरेको थियो । सोही निर्णय बमोजिम समितिले पुष्पलाल(मध्य पहाडी) राजमार्गको पूर्वी खण्ड काभ्रेदेखि पाँचथरसम्म स्थलगत अध्ययन अवलोनकन भ्रमण गरि सरोकारवाला निकायहरुसँग वृहत अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरेको थियो ।

## २) भ्रमण टोली गठन र परिचय

२०७६ जेठ १ गते बसेको विकास तथा प्रविधि समितिको ३५ औं बैठकले पुष्पलाल(मध्य पहाडी) राजमार्गको स्थलगत अवलोकन भ्रमण जेठ ७ गतेदेखि ११ गतेसम्म गर्ने र सो भ्रमणमा निम्न लिखित मा. सदस्यहरुको सहभागीता रहने निर्णय भएको थियो ।

**<u>भ्रमण टोलीमा सहभागी मा. सदस्यहरु</u>**

१) मा. कल्याणी कुमार खड्का, सभापति

२) मा. गणेश कुमार पहाडी

३) मा. यज्ञराज सुनुवार

४) मा. रंगमति शाही

५) मा. राजेन्द्र कुमार राई

६) मा. राजेन्द्र प्रसाद लिङदेन

**सचिवालयका कर्मचारी**

रेणुका सुवेदी, नायब सुब्बा

## ३) भ्रमण टोलीको महत्व र परिचय

मध्य पहाडी भूभागमा धमाधम निर्माण भैरहेको १८७९ किलोमिटर लामो पुष्पलाल मध्य(पहाडी) राजमार्गको निर्माणमा भैरहेको प्रगति, ढिलासुस्ति, गुणस्तरको सवाल, समस्या र चुनौतीका बारेमा जानकारी लिई सोको प्रतिवेदन पेश गर्ने ।

## ४) आयोजनाको संक्षिप्त विवरण

मध्य पहाडी क्षेत्रमा विकास र समृद्धिको मार्ग प्रशस्त गर्न नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाका रुपमा पुष्पलाल(मध्य पहाडी) राजमार्गको निर्माण आरम्भ गरेको हो । यो राजमार्ग कुल १८७९ किलोमिटर लामो रहेको छ । यो सडक पाँचथर जिल्लाको चियो भञ्ज्याङदेखि बैतडीको झुलाघाटसम्म फैलिएको छ ।

राजमार्गले मध्यपहाडी क्षेत्रका २६ वटा जिल्लाहरुलाई यातायात संजालमा जोडी आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक विकासमा योगदान गर्ने अपेक्षा गरिएको छ । सडकले करिब १ करोड नागरिकको जीवनमा प्रत्यक्ष अप्रत्यक्षरुपमा सकारात्मक प्रभाव पार्नेछ । यसले कुल २१५ वटा बस्तीहरुलाई प्रत्यक्ष रुपमा जोड्नेछ ।

यो आयोजना आ.व. २०६४/६५ देखि सुरु भएको र आ.व. २०७४/७५ मा सम्पन्न हुने अनुमान गरिएका थियो । तर संशोधित कार्यतालिका अनुसार आ.व. २०७७/७८ सम्ममा सम्पन्न गर्ने लक्ष्य निर्धारण गरियो ।

यो आयोजनाको संसोधित अनुमाति लागत ८४ अर्ब ३३ करोड रुपैंयाँ रहेको छ । पुष्पलाल मार्गमा १३३ वटा पुल निर्माण हुनुपर्नेमा हालसम्म ७० वटा निर्माण सम्पन्न भैसकेका छन् । २६ वटा पुल निर्माणको चरणमा छन् भने १८ वटा पुल सर्भे, डिजाइन गरि ठेक्काको चरणमा रहेका छन् । १९ वटा पुलहरुको भने डिजाइन गर्नै बाँकी रहेको छ । ठेक्का लागेकामध्ये १४ वटा पुलहरुको ठेक्का रुग्ण अवस्थामा पुगेका छन् ।

आयोजना निर्देशनालयमा १५ जना कर्मचारी कार्यरत छन् भने अन्य पाँच वटा योजना कार्यालयहरुमा क्रमशः योजना कार्यालय पाँचथरमा २८ जना, काभ्रे २९ जना, गोरखा २२ जना, पर्वत २६ जना र दैलेखमा २५ जना गरि कुल १४५ जना कार्यरत रहेका छन् । आयोजनालाई समयमै सम्पन्न गर्नका लागि थप ५० प्रतिशत जनशक्ति आवश्यक पर्ने आयोजनाको भनाई छ ।

## पूर्वी खण्डबारे - धुलिखेल र पाँचथर आयोजना कार्यालयको क्षेत्र

मध्य पहाडी सडकको पूर्व खण्डमा काभ्रेदेखि पाँचथरसम्मका सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, उदयपुर, ओखलढुंगा र खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम र पाँचथर जिल्ला पर्छन् । पाँचथर कार्यालयले हेर्ने जिल्लाहरुमा भोजपुर, धनकुटा, तेह्रथुम जिल्ला हुन जहाँ ३८६ किलोमिटर सडक पर्छ । काभ्रे कार्यालयले हेर्ने सात जिल्लामा ३५० किलोमिटर सडक पर्छ । पुर्व खण्डमा कुल ७३६ किलोमिटर सडक पर्दछ । सिन्धुपाल्चोक र नुवाकोटको सिमानास्थित पार्टी भञ्ज्याङमा काभ्रे कार्यालको सिमाना आरम्भ हुन्छ भने खोटाङ र भोजपुरको सिमना चखेवाबाट पाँचथर कार्यालयको कार्यक्षेत्र आरम्भ हुन्छ ।

त्यसमा पनि दित्तेल नगरपालिको बजार क्षेत्रदेखि हलेसीसम्मको २६ किलोमिटर सडक एडिबीले हेरिरहेको छ । जुन काभ्रे कार्यालयको कार्यक्षेत्रमा पर्छ यद्यपी त्यहाँ काम भने एसियाली विकास बैंकका सडक हेर्ने कार्यालयले नै गरिरहेको छ ।

## ५) स्थलगत अध्ययन अवलोकन भ्रमण रिपोर्ट

समिति सभापति मा. कल्याांणी खड्काको नेतृत्वमा जेष्ठ ७ गत काठमाडौंबाट स्थलगत अध्ययन अवलोकन भ्रमणका लागि टोली निस्किएको थियो । मा. सांसद, सचिवालयका कर्मचारी, आयोजनाका कर्मचारीहरु भ्रमण टोलीमा सहभागी थिए । टोलीले काभ्रेको योजना कार्यालयमा आयोजनाका बारेमा ब्रिफिङ लिएपछि स्थलगत अवलोकन भ्रमणमा आरम्भ भएको थियो । संसदिय टोलीले पुष्पलाल(मध्य पहाडी) लोकमार्गकै अलाइनमेन्ट हुँदै सडकको स्थलगत अवलोकन गरेको हो । सो खण्डमा पर्ने सबै जसो पुल, सडक निर्माणका कामहरुको अवलोकन तथा निरिक्षण गरिएको थियो । सम्बन्धित निर्माण व्यवसायीलाई समेत हरेक क्षेत्रमा काम सम्पन्न गर्ने प्रतिवद्धता लिँदै त्यसको कार्यान्वयन गराउन आयोजनाको नेतृत्वलाई समितिले खबरदारी गरेको थियो ।

निर्माणस्थलमै निर्माण व्यवसायी र आयोजनाका कर्मचारीसहित स्थानीय बासिन्दाहरुलाई समेत उपस्थित गराएर स्थलगत अवलोकन गरिएको थियो । त्यसका अलवा प्रमुख स्थानहरुमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेर जिल्लास्थित जिल्ला समन्वय समिति, स्थानीय तहका प्रमुखहरु, प्रमुख जिल्ला अधिकारी, राजनीतिक दलका प्रतिनिधी, नागरिक समाज, उद्योग बाणिज्य संघ, पत्रकार महासंघ लगायतका प्रतिनिधीहरुको उपस्थितीमा वृहत अन्तरक्रिया आयोजना गरेर सडक निर्माणमा देखिएका समस्या र समाधानका उपायबारे धारणा लिएको थियो । सो क्रममा निर्माण व्यवसायीले काम सक्ने योजना पेश गरेका थिए भने आयोजना नेतृत्वले प्रतिवद्धता अनुसार नै काम गराउने बताएको थियो ।

## अन्तरक्रिया कार्यक्रमहरु

## गोलञ्जोर गाउँपालिका, सिन्धुली

मितिः २०७६ जेठ ८ गते

**अध्यक्षताः पुष्प बहादुर कार्की, गा.पा. अध्यक्ष**

उपस्थितीः ज्ञाननाथ ढकाल-प्रमुख जिल्ला अधिकारी, गा.पा.का प्रशासकिय अधिकृतसहित बिभिन्न वडाका अध्यक्ष, राजनीतिक दलका स्थानीय प्रतिनिधी लगायत ४० जना ।

**उजागर भएका समस्याहरु**

- राष्ट्रिय राजमार्गको मार्गाधिकार(राइट अफ वे) केन्द्रभागबाट दायाँ बायाँ २५/२५ हुने व्यवस्थालाई परिमार्जन गरेर सो सडकको मार्गाधिकार १५/१५ मिटर मात्रै बनाइनुपर्ने । गाउँपालिकाले सोही अनुसार घर बनाउन दिने निर्णय गरिसकेको ।
- सडकका कारण घरबार बिहिन बनेकाहरुलाई क्षतिपुर्ति, मुआब्जा र उचित बसोबासको व्यवस्था हुनुपर्ने ।
- सडकमा परेका नागरिकको जग्गाको लगत कट्टा नभएकाले त्यसको समेत तिरो तिर्न स्थानीय नागरिक बाध्य भैरहेको सन्दर्भमा तत्काल लगत कट्टाको व्यवस्था गर्नुपर्ने ।
- बाटोको दायाँ बायाँ ढलको व्यवस्था हुनुपर्ने ।
- निर्माण सामग्री गिट्टी ढुंगा र बालुवाको अभावलाई तत्काल समाधान गर्नुपर्ने ।
- रुग्ण पुलहरुको यथासक्य निर्माण आरम्भ गरियोस
- हैवारको पहिरोको दिर्घकालिन समाधान हुनुपर्ने ।

## अन्तरक्रिया कार्यक्रम

## घुर्मी, उदयपुर

## मितिः २०७६ जेष्ठ ८ गते

अध्यक्षः धन बहादुर कार्की, गा.पा. अध्यक्ष फिक्कल, सिन्धुली

सहभागीहरुः उज्वल बराल, सिन्धुली काँग्रेस सभापति, गा. पा. अध्यक्ष मानेभञ्ज्याङ ओखलढुंगा, बिभिन्न वडाका अध्यक्षहरु ।

**उजागर भएका मुल समस्या**

-सडकको मार्गाधिकार १५/१५ मिटर बनाइनुपर्ने ।

-खाङसाङ खोला, सोखु खोला र बहादुरा खोलामा बर्षौदेखि निर्माणका क्रममा अलपत्र पारिएका पुलहरुको तत्काल निर्माण कार्य सम्पन्न हुनुपर्ने ।

-सोखुखोला पुलदेखि घुर्मी बजार खण्डको ५ किलोमिटर सडकको काम चाँडो सम्पन्न गर्नुपर्ने ।

-सडकको मार्गाधिकर १५/१५ मिटर(केन्द्र भागबाट) कायम गर्नुपर्ने

-सोखुखोला पुलदेखि हर्कपुरसम्मको सडकको मुआब्जाको बिषय टुंगो लगाउनुपर्ने ।

-निर्माण सामग्रीको आपुर्ति सहज गर्नुपर्ने ।

-वातावरण जोगाउन बिशेष कार्यक्रम ल्याउनुपर्ने ।

-घुर्मि-चतरा सडकलाई तत्काल निर्माण अघि बढाउनु पर्‍यो ।

-निहुरे खोला र सौँखर खोला पुल क्षेत्रको जग्गाको दिन बाँकी मुआब्जा तत्काल उपलब्ध गराउनुपर्ने ।

**अन्तरक्रिया कार्यक्रम**

**दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ**

**मितिः २०७६ जेष्ठ ९ गते**

अध्यक्षः दिपनारायण रिजाल, मेयर, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

सहभागीहरुः उप प्रमुख जि.स.स., इबन राई, मेयर-हलेसी लेगुवा नगरपालिका प्रमुख, प्रमुख जिल्ला अधिकारी, राजनीतिक दलका प्रतिनिधी, उद्योग बाणिज्य संघका प्रतिनिधी, नागरिक समाजका अगुवा लगायत ।

**उजागर भएका समस्याहरु**

-पंगु खोला, छेपे खोला, भालुखोला पुलको निर्माण समयमै सम्पन्न गर्नुपर्ने

-मार्गाधिकार १५/१५ मिटर बनाउनुपर्ने । नगरपालिकाले १५ मिटर बनाउनुपर्ने सम्बन्धी निर्णय गरिसकेको ।

-एउटा कम्पनीले लिएको ठेक्का अर्को कम्पनीलाई दिन नपाउने व्यवस्था गर्नुपर्ने ।

-भालुखोला र दौते खोला पुलको निर्माण अलपत्र परेकाले तत्काल अघि बढाउनुपर्ने ।

-निर्माणको गुणस्तर कायम गर्नुपर्ने ।

-मुआब्जा पाउनेहरुको लगत नराखिएकाले तत्काल लगत राख्नुपर्ने ।

-हर्कपुर-जयरामघाट खण्डमा सुरुङ निर्माण गरि २ किलोमिटरमा सडक छोट्याउन सकिने देखिएकाले सो काम गर्नु परो ।

-बलि डाँडा-भोजपुरमा पनि सुरुङमार्ग निर्माण

## <u>अन्तरक्रिया कार्यक्रम</u>

## <u>जिल्ला समन्वय समिति सभाहल</u>

## <u>भोजपुर</u>

**<u>अध्यक्षः लक्ष्मण खड्का, प्रमुख जि.स.स.</u>**

सहभागीहरुः मा. सुदन किराँती, संघीय संसद सदस्य

कैलाश कुमार आलेमगर, मेयर-भोजपुर नगरपालिका, प्रमुख जिल्ला अधिकारी, राजनीतिक दलका नेता, नागरिक समाजका अगुवा, उद्योग बाणिज्य संघका प्रतितिनिधी लगायत ।

### उजागर भएका प्रमुख समस्याहरु

-हिले-लेगुवा २६ किलोमिटर सडकको निर्माण तत्काल ग्राभेल सम्पन्न गरियोस ।

-मार्गाधिकार १५/१५ मिटर कायम गरियोस् ।

-हिमाल, पहाड र तराईमा निर्माण हुने सडकहरुको मापदण्ड, मार्गाधिकार, गुणस्तर र निर्माण गर्दा प्रयोग हुने सामाग्रहीको मापदण्ड फरक फरक बनाईयोस ।

-सडकमा परेका जमिनको लगत कट्टा गरि नागरिकलाई तिरो तिर्नुपर्ने बाध्यताबाट मुक्त गरियोस् ।

## अन्तरक्रिया कार्यक्रम

## हिले, धनकुटा

## मितिः २०७६ जेष्ठ १० गते

अध्यक्षताः टंक बहादुर चुवान, प्रमुख-जिसस, धनकुटा

सहभागीहरुः प्रदेश सभा सदस्यहरु, धनकुटा नगरपालिका, बाखीबास नगरपालिका, छथर गाउँपालिकाका प्रमुख, तेह्रथुमस्थित लालीगुराँस गा.पा. प्रमुख, विभिन्न राजनीतिक दलका प्रतिनिधी, उद्योग बाणिज्य संघका प्रतिनिधी, नागरिक समाजका अगुवा, पत्रकार लगायत ।

**उजागर भएका समस्याहरु**

-लेगुवा-हिले २६ किलोमिटर सडक तत्काल ग्राभेल गर्नुपर्ने ।

-सडकको मार्गाधिकार १५/१५ मिटर मात्रै कायम गराउनुपर्ने ।

-सडकमा परेका जमिनको लगत कट्टा नहुँदा नागरिकले तिरो तिरिरहनु परेकाले सो समस्या तत्काल समाधान हुनुपर्ने ।

-खानेपानी, सिँचाईका कुलो र पाइप क्षति ग्रस्त भएकाले ति संरचनाहरुको तुरुन्तै पुनःस्थापना गर्नु पर्ने ।

-सडक निर्माणसँगै भत्किएका अन्य संरचनाहरुको पनि निर्माण चाँडो गरियोस

-घरको नक्सा पास गर्न पाईएन

-जग्गा बैंकमा राखेर ऋण लिन पाईएन् ।

-निर्माण सामग्रीको अभावको समस्या तत्काल समाधान गरियोस् ।

-निर्माण व्यवसायीः समयमै भुक्तानीको समस्या भएकाले कामलाई तोकिएको गतिमा अघि बढाउन सकिएन् ।

**अन्तरक्रिया कार्यक्रम**

**म्याङलुङ, तेह्रथुम**

**मितिः २०७६ जेठ १०**

**अध्यक्षताः रिन्जी शेर्पा-जि.स.स सदस्य तेह्रथुम**

सहभागीहरुः सन्जय कुमार तुम्बाहाङफे-म्याङलुङ नगरपालिका मेयर लगायत स्थानीय तहका जनप्रतिनिधीहरु, प्रमुख जिल्ला अधिकारी, राजनीतिक दलका नेता, उद्योग बाणिज्य संघ, पत्रकार, नागरिक समाजका अगुवा

**उजागर भएका समस्याहरु**

-अनुगमन प्रभावकारी भएन ।

-गुणस्तरमा चासो देखिएको छैन् ।

-म्याङलुङ-१ मा बजार जोगाउन बाइपास(डाइभर्सन) बनाउनु पर्‍यो ।

-सडकको मार्गाधिकार १५/१५ मिटर(केन्द्रभागबाट) कायम गरियोस ।

-आयोजना सम्वद्ध नेतृत्व र स्थानीय सरकारहरुका बीचमा आवश्यक समन्वय भएन ।

**अन्तरक्रिया कार्यक्रम**

**फिदिम, पाँचथर**

**२०७६ जेष्ठ ११ गते**

**अध्यक्षताः बिष्णु प्रसाद सापकोटा-प्रमुख जि.स.स.**

सहभागीहरुः फिदिम नगर प्रमुख लगायत स्थानीय तहका जनप्रतिनिधीहरु प्रमुख जिल्ला अधिकारी, राजनीतिक दलका प्रतिनिधी, नागरिक समाजका अगुवा, उद्योग बाणिज्य संघ, पत्रकार महासंघका प्रतिनिधी

**उजागर भएका समस्याहरु**

-पीडितहरुले मुआब्जा नपाएको ।

-मार्गाधिकार १५/१५ मिटर(केन्द्र भागबाट) कायम हुनुपर्ने ।

-आयोजना, स्थानीय जनप्रनिनिधी र नागरिकबिच निरन्तर सम्वाद/अन्तरक्रिया भैरहनु पर्ने ।

-लिम्बुहरुको पवित्र ढुंगा, मुर्ति तथा शिलालेखहरुमा क्षति पुगेको ।

**६) समितिले पहिचान गरेका समस्याहरु**

१) पुष्पलाल(मध्य पहाडी) राजमार्गको मार्गाधिकार(राइट अफ वे) केन्द्र भागबाट १५/१५ मिटर कायम गरि तत्कालै टुंगो लगाउनुपर्ने ।

२) सडकमा परेको नागरिकहरुको जग्गाको लगत कट्टा गरेर कर तिर्नुपर्ने बाध्यताबाट मुक्त गराउनुपर्ने ।

३) मार्गाधिकार र लगत कट्टा गर्दै नागरिकलाई जमिन बेचबिखन, भवन  लागयतका संरचना बनाउन नक्सा पास लगायतका काम गर्न पाउने व्यवस्था मिलाउनुपर्ने ।

४) दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको बजार क्षेत्रदेखि हलेसीसम्मको २६ किलोमिटर सडक एडिबीले लगानी गरेको र सो खण्डका प्रभावित नागरिकले मुआब्जा पाएको तर नेपाल सरकारले

निर्माण गरिरहेका सडकहरुमा भने मुआब्जा नदिईएकाले नागरिकबिच विभेद गरिएको सन्देश प्रवाह भएको ।

५) घर, गोठ लगायतका भौतिक संरचनाहरुको मुआब्जाको समस्या तत्काल समाधान गर्नुपर्ने

६) सडक निर्माणका कारण भत्किएका कुलो, खानेपानीका पाइप, बिजुलीका पोल लगायतका संरचनाहरुको तत्काल पुनस्थापना गर्नुपर्ने ।

७) सडक निर्माणका क्रममा उत्खनन भएको माटो, ढुंगा तथा बालुवाहरुको उचित व्यवस्थापन नभएको तथा वातारणीय प्रभाव मूल्यांकन प्रतिवेदनको कार्यान्वयन नभएको ।

८) रुग्ण अवस्थामा पुगेका पुल तथा सडकका ठेक्काहरुको गहिरो अध्ययन गरेर तत्कालै कसरी अघि बढ्ने भन्नेबारे टुंगो नलागेको ।

९) लेगुवा-हिले सडक खण्डका निर्माण व्यवसायीले समयमै काम सम्पन्न नगरेर नागरिकले दुःख पाएको ।

९) खाङसाङ, सोखु, बहादुरा, भालुखोला लगायतका पुलहरुको भविष्य अन्यौलमा रहेको ।

१०) हिमाल, पहाड र तराईका फरक फरक भुगोलमा सडकको मापदण्ड, निर्माण सामग्री, मार्गाधिकार, गुणस्तर, उपयोग हुने निर्माण सामग्रीहरुको छुट्टै मापदण्ड नभएकाले समस्या उत्पन्न भएको ।

११) मुआब्जा तथा क्षतिपुर्ति पाउने नागरिकहरुको अभिलेख नराखिएको र तत्काल राख्ने व्यवस्था मिलाउनुपर्ने ।

१२) सुनकोशी-मरिन डाइभर्सन आयोजनाको ड्याम क्षेत्र भन्दा माथी सेलेघाटमा पुल निर्माणको प्रक्रिया अन्यौलमा रहेको ।

१३) १६७ किलोमिटर लामो कोशी करिडोरको घुर्मि-चतरा खण्डका ठेकेदारहरु अदालत गएकाले काम रोकिएको ।

१४) वातावरणीय व्यवस्थापन योजना(ईएमपी) अनुसारको काम नभएको ।

१५) वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको अवलम्बन नगरिएको ।

१६) निर्माण कार्यको गुणस्तर कायम गर्न सम्बन्धित पक्षबाट प्रभावकारी अनुगमन नभएको ।

१७) निर्धारित सयममा काम सक्ने सुनिश्चितता नभएको ।

१८) स्थानीय गुनासाहरुको सुनुवाई कम भएको ।

१९) सुनकोशी दोश्रो जलविद्युत आयोजनाले पार्ने प्रभावको बारेमा अन्योल सृजना भएको ।

२०) Road Alignment का सवालमा धेरै ठाउँमा अन्यौलता रहेको ।

## ७) सुझाव तथा निष्कर्ष

### सुझाव

पुष्पलाल(मध्य पहाडी) राजमार्गको स्थलगत अध्ययन अवलोकन भ्रमणका क्रममा निम्न लिखित सुझाव दिईनु आवश्यक देखियो ।

१) पुष्पलाल(मध्य पहाडी) राजमार्गको मार्गाधिकार(राइट अफ वे) तत्कालै निर्धारण गर्नुपर्ने ।

२) सडकमा परेका स्थानीय बासिन्दाहरुको जमिनको लगत कट्टा गरि सडकमा परेको जमिनको समेत कर(तिरो)तिर्नुपर्ने बाध्यताबाट नागरिकलाई मुक्त गर्नुपर्ने

३) वितरण गरिएको मुआब्जा तथा क्षतिपुर्तिको लगत राख्नुपर्ने

४) सडक निर्माणका क्रममा भत्किएका ढल, खानेपानी, सिँचाईका कुलो, विद्युतका पोल लगायतका संरचनाहरुको पुनस्थापनाका लागि यथेष्ठ ध्यान दिनुपर्ने ।

५) वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन(ईआईए)को कार्यान्वयनमा बिशेष ध्यान दिँदै बायो इञ्जिनियरिङ, मास ब्यालेन्सको मापदण्ड पालना गर्नुपर्ने ।

६) सिन्धुली-मरिन डाइभर्सन आयोजनाको ड्याम भन्दा माथी सेलेघाटमा पुल निर्माणका लागि मार्ग प्रशस्त गर्दै सडक सञ्चालनको सुनिश्चिचता गर्नुपर्ने ।

७) रुग्ण अवस्थामा पुगेका पुल/सडकका ठेक्काहरु तोड्ने वा म्याद थप्ने सम्बन्धी निर्णय तत्काल गर्नुपर्ने, म्याद थप गर्दा निर्माण सम्पन्न हुने सुनिश्चितता गर्नुपर्ने र ठेक्का तोड्दा कसरी निर्माण सम्पन्न गर्ने हो सोको योजना बनाउनुपर्ने ।

८) निर्माण सामग्रीहरुको पर्याप्त उपलब्धताका लागि खानीहरुको उपयोग सम्बन्धमा स्थानीय तह, प्रदेश र सडक आयोजना तथा निर्माण व्यवसायीबिच समन्वय हुनुपर्ने ।

९) निर्माणकै क्रममा सडकको नियमित गुणस्तर परिक्षण गर्नुपर्ने ।

१०) स्थानीय तह, प्रदेश र स्थानीय बासिन्दासँग आयोजनाले निश्चित कार्यक्रम बनाएर मासिक रुपमा अन्तरक्रिया तथा छलफल गरेर विकास निर्माणमा नागरिकको अपनत्व स्थापीत गराउनुपर्ने ।

११) Road Alignment तत्काल टुंगो लगाउनुपर्ने ।

१२) ८) सुनकोशी दोश्रो जलविद्युत आयोजनाले पार्ने प्रभावको बारेमा अन्योल सृजना भएको अन्यौलताको निराकरण हुनुपर्ने ।

१३) निर्धारित सयममा काम सक्ने सुनिश्चितता गर्नुपर्ने ।

१४) १६७ किलोमिटर लामो कोशी करिडोरको घुर्मि-चतरा खण्डका ठेकेदारहरु अदालत गएपछि काम रोकिएकाले ।

## ८) निष्कर्ष

समितिका मा. सभापतिको नेतृत्वमा सम्पन्न स्थलगत अध्ययन अवलोकन भ्रमणका क्रममा अधिकांश ठेक्काको म्याद सकिएको तर काम भने सम्पन्न नभएको देखियो । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार निर्माण व्यवसायीले कटिङ/फिलिङका क्रममा उत्पन्न भएको माटो तथा ढुंगाको व्यवस्थापनमा पर्याप्त ध्यान नदिएको, सडक तथा पुलहरुको गुणस्तरमा समस्या देखिएको, तोकिएको समयमा निर्माण सम्पन्न हुनेमै आशंका उत्पन्न भएको देखियो ।

मध्य पहाडमा विकास र समृद्धिको बहार ल्याउने महत्वपूर्ण योजनाका रुपमा अघि सारिएको पुष्पलाल(मध्य पहाडी) राजमार्ग तोकिएको समयमै सम्पन्न गर्न समितिले निरन्तरत छलफल, अनुगमन र आवश्यक निर्देशन दिईरहनुपर्ने निष्कर्ष पनि भ्रमण टोलीले निकालेको छ ।

संसदीय टोलीले गर्ने छलफल र स्थलगत अध्ययन अनुगमनले आयोजनामा देखिएका समस्याहरु उजागर हुने, समाधानका उपायबारे आयोजना, निर्माण व्यवसायी र स्थानीयबाट सुझाव आउने र सोही बमोजिम त्यस्ता समस्या समाधानका लागि समितिले सम्वद्ध सरोकारवाला निकायलाई आवश्यक निर्देशन समेत दिन सक्ने अवस्था सृजना हुने देखियो ।

अतः पुष्पलाल(मध्य पहाडी) लोकमार्गको पुर्वी खण्ड(धुलिखेल र पाँचथर आयोजनाको क्षेत्र)को स्थलगत अवलोकन भ्रमणले आयोजनाको काममा देखिएको अवरोध हटाउन, कामको गतिलाई बढाउन र गुणस्तर समेत कायम गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भ्रमण दलको निष्कर्ष छ । र यस्तो भ्रमणलाई निरन्तरता दिनुपर्ने निचोडमा पनि पुगेको छ ।

## अनुसूचीहरु



Figure 1 सिन्धुपाल्चोकमा निर्माणधिन पुलको अवलोकन गरिँदै ।



Figure 2 सिन्धुली र उदयपुर सडक खण्डको स्थलगत अवलोकनका क्रममा



Figure 3 सडक निर्माणका क्रममा भएको वातावरणीय क्षति ।



**Figure 4 खार्साङ्गको पुल अनुगमनको क्रममा ।**



Figure 1 **खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलमा आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरु ।**



Figure 6 **धनकुटा जिल्लामा वृहत अन्तरक्रिया कार्यक्रमपछि ।**



Figure 7 तेह्रथुमको अन्तरक्रिया कार्यक्रममा सहभागिहरु ।



Figure 8 पाँचथरको फिदिममा अन्तरक्रिया कार्यक्रम ।